# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्य कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनसँग सम्बन्धित रहेको छ । सस्वरपठन भाषिक सीप विकासको पढाइ सीपअन्तर्गत पर्दछ । भाषा मानिसको उच्चारण अवयवद्वारा उच्चारित अर्थयुक्त वाक्प्रतीकहरूको समूह हो । भाषाले गर्दा विश्वमा घटेका विभिन्न घटनाहरू सञ्चार माध्ययमबाट थाहा पाउन सकिन्छ यसर्थ भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । भाषाले मानिसमा एक आपसमा आत्मीयता र सहृदयताको आदानप्रदान गर्नमा सहयोग गर्दछ । भाषाका आधारभूत सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषा शिक्षणमा भाषाका यी चार सीपहरूको एकीकृत सिकाइ शिक्षणको प्रक्रिया अपनाइन्छ यी सीपहरूमध्ये पढाइ एक महत्त्वपूर्ण सीप हो । पढाइ, सुनाइ र बोलाइ सीपको विकास भइसकेपछि विकास हुने सीप हो । यो प्रारम्भिक तहका कक्षादेखि सुरु हुन्छ ।

मुद्रित सामग्रीलाई वाचन गर्दा आरोह-अवरोह, विराम, गति, यति, पदयोग, पदवियोग, हलन्त, अजन्त आदिको ख्याल गरी उपयुक्त तरिकाले उच्चारण गर्नुपर्दछ । यसरी आवाजसहित वाचन गर्नु नै सस्वरपठन हो । सस्वरपठनको मुख्य उद्देश्य भनेको लिखित वा मुद्रित सामग्रीबाट लेखकले दिन खोजेको अभिप्रायलाई पाठक तथा श्रोताले प्रस्टसँग बुझ्न सक्ने बनाउनु हो । अक्षर उल्टो पाल्टो गरी पढ्ने, शब्द छुटाई पढ्ने, अक्मकाएर पढ्ने, नभएको शब्द पढ्ने, गलत उच्चारण गरी पढ्ने कुरालाई हटाई अरूले बुझ्ने गरी हाउभाउसहित र शुद्ध एवम् स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वरपठनको अभ्यास आवश्यकता पर्दछ । सस्वरपठन क्षमताको विकासका लागि विभिन्न क्षेत्र र तहका विद्यार्थीहरूको शोध अध्ययन हुनु आवश्यक छ । यसअघि सस्वरपठनसँग सम्बन्धित धेरै शोध कार्यहरू भएको पाइए तापनि कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन भने हालसम्म कहीँकतै भएको पाइँदैन । अतः कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरी यो शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्या कथन

कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन नै प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । यस मूल समस्याको समाधानमा पुग्नका लागि निम्नलिखित शोधप्रश्नहरूको वस्तुगत र तथ्यपरक विश्लेषण गरिएको छ :

क. कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता के कस्तो छ ?

ख. विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? र

ग. लैङ्गिकताका दृष्टिले उक्त विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

## १.३ शोधका उद्देश्यहरू

कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूका सस्वरपठन क्षमताको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । यस मूल उद्देश्यको प्राप्तिका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क. कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिल्याउनु,

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र

ग. लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

भाषाका आधारभूत सीपहरूमध्ये पढाइ सीपअन्तर्गत पर्ने सस्वरपठन शीर्षकमा तयार गर्न लागिएको यस शोधकार्यको उद्देश्य यस क्षेत्रका लागि मात्र नभएर समग्र विद्यार्थीका लागि उपयोगी बनेको छ यसले शुद्ध र स्पष्ट उच्चारण गर्न, पठन क्षमताको विकास गर्न, नयाँ शोधकार्य गर्न चाहनेलाई आवश्यक मार्ग निर्देशन गर्न, सुनेका कुरा बोध गरी ग्रहण

गर्न, मौखिक अभिव्यक्तिमा उच्चारण दोष निराकरण गर्न, मौन पढाइको पूर्वाधार तयार गर्न, शुद्ध पढ्ने बानीको विकास गर्न, आत्मविश्वासको वृद्धि गर्न, भाषाको स्तरीय प्रयोगमा बानी बसाल्नका साथै लिखित सामग्रीलाई आवाजसहित गति, यति, लय, हाउभाउ, अङ्ग सञ्चालन, लिपिचिह्न, ताल, आरोह, अवरोह आदिको ख्याल गरी पढ्ने बानीको विकास गर्न आदि पक्षमा सहयोग पुऱ्याउँछ । यसअघि विभिन्न जिल्लाका विभिन्न कक्षाका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन भएका भए पनि कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको उक्त आधारमा नभएकाले यो शोधअध्ययन सान्दर्भिक र उपयोगी बनेको छ ।

## १.५ शोधको सीमाङ्कन

कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यको सीमा यसप्रकार छ :

क. प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाभित्रका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

ख. प्रस्तुत अध्ययन कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाभित्रका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत गरी जम्मा १० ओटा विद्यालयमा मात्र केन्द्रित रहेको छ ।

ग. प्रस्तुत अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालयको प्रकृतिको अध्ययनमा मात्र सीमित रहेको छ ।

घ. प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

ङ. विद्यालयका १०० जना विद्यार्थीमध्ये ५० जना छात्र र ५० जना छात्रा उल्लिखित रहेका छन् ।

च. सस्वरपठन क्षमताको विश्लेषणका लागि प्रतिशत, मध्यमान र मानक विचलनलाई मात्र आधार बनाइएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको ढाँचा वा रूपरेखालाई यस प्रकार सङ्गठित र व्यवस्थित गरिएको छ :

अध्याय एकमा **शोधको परिचय** रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता, शोधकोको सीमाङ्कन र शोधपत्रको रूपरेखा शीर्षक तथा उपशीर्षकहरू रहेका छन् ।

अध्याय दुईमा **पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा** शीर्षक रहेको छ । पूर्वकार्यको पुनरावलोकनअन्तर्गत, पृष्ठभूमि, पुस्तक पुनरावलोकन र शोध पुनरावलोकन उपशीर्षकहरूलाई छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । अवधारणात्मक ढाँचाअन्तर्गत, सस्वरपठनको परिचय, सस्वरपठनको महत्त्व र उपयोगिता, सस्वरपठनका प्रमुख आधारहरू गति र यति, हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण र भावाभिव्यक्तिाभिव्यक्ति तथा सस्वरपठनमा प्रभावाभिव्यक्ति पार्ने प्रमुख तत्त्वहरू वातावरण, शारिरीक तथा मानसिक अवश्था, भाषिक भेद, संवेगात्मक अवस्था, अभिरुचि र निष्कर्ष उपशीर्षकहरू रहेका छन् ।

अध्याय तीनमा **अध्ययन विधि र प्रक्रिया** रहेको छ । यसअन्तर्गत अध्ययन विधि, जनसङ्ख्या पहिचान, नमुना छनोट, सामग्री सङ्कलनका साधनहरू, प्राथमिक स्रोत, द्वितीयक स्रोत, सामग्री निर्माण, पूर्वपरीक्षण र मानकीकरण, परीक्षणको कार्यान्वयन, उत्तरपुस्तिका परीक्षण, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको व्याख्या तथा विश्लेषण उपशीर्षकहरू रहेका छन् ।

अध्याय चारमा **समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता** शीर्षक रहेको छ । यसअन्तर्गत पृष्ठभूमि, गति र यतिका आधारमा समग्र विद्यार्थीहरू सस्वरपठन क्षमता, लेख्यचिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता, हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता, स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता, स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता र भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता उपशीर्षकहरू रहेका छन् । साथै मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता र निष्कर्ष पनि उल्लेख गरिएको छ ।

अध्याय पाँचमा **विद्यालय प्रकृतिका आधारमा सस्वरपठन क्षमता** शीर्षक रहेको छ । यसअन्तर्गत पृष्ठभूमि, गति र यति, हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण, भावाभिव्यक्ति आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई छुट्टाछुट्टै उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । साथै संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन तथा मध्यमान र मानक विचलनका आधारमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता र निष्कर्षलाई छुट्टाछुट्टै उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

अध्याय छमा **लैङ्गिकताका आधारमा सस्वरपठन क्षमता** शीर्षक रहेको छ । यसअन्तर्गत पृष्ठभूमि, गति र यति, हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण, भावाभिव्यक्तिाभिव्यक्तिआधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई छुट्टाछुट्टै उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । साथै छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन, मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता र निष्कर्ष छुट्टाछुट्टै उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

अध्याय सातमा **सारांश, निष्कर्ष र उपयोगिता** शीर्षक रहेको छ । यसअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता उपशीर्षकहरू रहेका छन् । उपयोगितालाई पनि नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ पृष्ठभूमि

पूर्वकार्यको अर्थ पहिला भइसकेका कार्यको जानकारी हो । के के अध्ययन भइसकेका छन्, के के हुन बाँकी छन् र अध्ययनमा के के समस्या देखिएका छन् भन्ने कुराको अध्ययन पूर्वकार्यको पुनरावलोकनमा गरिन्छ । प्रस्तुत शोधकार्यका लागि सस्वरपठन क्षमतासँग सम्बन्धित पुस्तकहरू र शोधपत्रहरूलाई नै पूर्वकार्य मानेर तिनको पुनरावलोकन गरिएको छ । सस्वरपठन क्षमताको अध्ययनसँग सम्बन्धित पूर्व अध्ययनको पुनरावलोकनलाई पनि पुस्तक पुनरावलोकन र शोध पुनरावलोकन गरी छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

## २.२ पुस्तक पुनरावलोकन

अधिकारी र शर्मा (२०५४), द्वारा सहलेखनमा तयार गरिएको **प्रारम्भिक नेपाली शिक्षण** नामक पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा सस्वरपठनको आवश्यकता, सस्वर पठनमा ध्यान दिनुपर्ने कुराअन्तर्गत गति, यति, चिह्न प्रयोग, हाउभाउ, लय, सुर, आघात र भावाभिव्यक्ति आदि किन र कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट जानकारी दिएको छ । साथै सस्वरपठनका कार्यकलापअन्तर्गत शब्दपठन, वाक्यपठन, अनुच्छेद पठन, गति र यति, मिलाई पढ्ने, भावाभिव्यक्तिअनुसार पढ्ने र विभिन्न विधाअन्तर्गत पाठहरूको पठनको सोदाहरण चर्चा गरिएको छ । सस्वरपठनमा आधारित भएकाले प्रस्तुत शोधकार्य उक्त पुस्तकसँग निकट र सम्बधित रहेको छ । उक्त पुस्तक  सैद्धान्तिक पक्षमा मात्र आधारित भएको र प्रस्तुत शोधकार्य प्रयोगात्मक पक्षसँग सम्बन्धित हुनाले भिन्नसमेत रहको छ उक्त पुस्तकले प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक आधार निर्माणका लागि सहयोग पुऱ्याएको छ ।

लामिछाने (२०५७), द्वारा **नेपाली भाषा शिक्षण परिचय** नामक पुस्तक पनि सस्वरपठनसम्बन्धी अध्ययनका क्रममा भेटिने महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा उच्चारण र सस्वरपठनलाई अन्तर्सम्बन्धित गराई उच्चारण शिक्षणका आधारभूत पक्षहरूको चर्चा गरिरएको देखिन्छ । सस्वरपठन गर्दा गति, यति र लय मिलाउँदै भावाभिव्यक्तिअनुसार पढ्नुपर्ने, हाउभाउ प्रदर्शन गर्नुपर्ने, लेख्य चिह्नहरूको ख्याल गर्नुपर्ने जस्ता कुराहरू उक्त पुस्तकमा उल्लिखित छन् । उक्त पुस्तकमा उच्चारण र सस्वरपठन शिक्षण गर्दा अपनाउनुपर्ने कार्यकलापहरू, विधि तथा तरिकाहरूको समेत चर्चा गरिएको पाइन्छ । उक्त

पुस्तक सस्वरपठनमा आधारित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित भए तापनि सो सैद्धान्तिक पक्षमा मात्र आधारित भएको र प्रस्तुत शोधकार्य प्रयोगात्मक पक्षसँग सम्बन्धित हुनाले भिन्नसमेत रहेको छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सैद्धान्तिक आधार निर्माण र व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

आचार्य र गौतम (२०६५), द्वारा सहलेखनमा तयार पारिएको **नेपाली भाषा र साहित्य** पुस्तक पनि सस्वरपठन क्षमताका अध्ययनका क्रममा भेटिने सामग्री हो । उक्त पुस्तकमा सस्वरपठनको परिचय, महत्त्व र सस्वरपठनका उद्देश्यहरू, सस्वरवठनका प्रकारहरूको बारेमा चर्चा गरिएको पाइन्छ । उक्त पुस्तक र प्रस्तुत शोधकार्य सस्वरपठनसँग सम्बन्धित रहेकाले यी दुई निकट र सम्बधित छन् । उक्त पुस्तक प्रयोगात्मक नभई सैद्धान्तिक रूपमा मात्र सीमित भएकाले उक्त पुस्तकभन्दा प्रायोगिक अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त पुस्तकको अध्ययनले पनि प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक आधार निमार्ण तथा व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६७), **नेपाली भाषा शिक्षण** पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गरिएको छ । उक्त पुस्तकमा सस्वरपठनको परिचय, सस्वरपठनको स्तर, सस्वरपठनको सन्दर्भमा आवश्यक पर्ने आधारभूत पक्षहरू, सस्वरपठनको आवश्यकता र महत्त्वबारे चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा सस्वरपठनका आधारभूत पक्षहरू गति, यति, आघात, स्वरप्रसारण आदिको चर्चा गरिएको छ । उक्त पुस्तक र प्रस्तुत शोधकार्य दुबै सस्वरपठनसँग सम्बन्धित रहेकाले निकट र सम्बधित छन् । यति हुँदाहुँदै पनि सस्वरपठन सम्बन्धी सैद्धान्तिक चर्चा मात्र गरिएको उक्त पुस्तकभन्दा प्रस्तुत शोधकार्य विद्यार्थीको सस्वरपठन क्षमताको प्रायोगिक अध्ययनमा केन्द्रित रहेकाले भिन्नसमेत रहेको छ । उक्त पुस्तकबाट प्रस्तुत शोधकार्यलाई सामग्री निर्माण र निष्कर्षसम्म पुग्नका लागि आधार प्राप्त भएको छ ।

## २.३ शोध पुनरावलोकन

सुवेदी (२०५७), द्वारा प्रस्तुत **पाँच कक्षामा अध्ययनरत विद्यार्थीको सस्वरपठन सम्बन्धी अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठनको अध्ययन गर्ने, विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिल्याउने, गति, यति, हाउभाउ, चिह्न प्रयोग, विधाअनुसार भावाभिव्यक्तिअभिव्यक्ति आदिसम्बन्धी

समस्या र तिनका कारण पत्ता लगाउने तथा समस्या समाधानका लागि सुझावहरू प्रस्तुत गर्ने जस्ता उद्देश्य राखी उक्त शोध अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्य सर्वेक्षण पद्धतिमा आधारित रहेको छ । उक्त पूर्वकार्य काठमाडौं जिल्लाका १० ओटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको अध्ययनमा केन्द्रित रहेको छ । उक्त पूर्वकार्यमा हेर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता उत्तम रहेको निष्कर्ष निकालिएको पाइन्छ । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित भए तापनि क्षेत्रगत र कक्षागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलन, सामग्री निर्माण र निष्कर्षमा पुग्नका लागि आधार प्राप्त भएको छ ।

गिरी (२०६३), द्वारा **चार कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यका उद्देश्हरू सस्वरपठन क्षमताको अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा सस्वरपठन क्षमता पहिल्याउनु र सस्वरपठनसम्बन्धी समस्याहरू पत्ता लगाई समाधानका लागि सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । उक्त शोधकार्य तयार पार्ने क्रममा पर्वत जिल्लाका जम्मा १२ ओटा विद्यालय छनोट गरिएको छ जसमध्ये १० ओटा सामुदायिक र २ ओटा मात्र निजी विद्यालयका १०८ जना विद्यार्थीलाई नमुना छनोटको रूपमा लिइएको छ । उक्त अध्ययनमा नेपाली मातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो तथा दलित र जनजाति विद्यार्थीहरूको नतिजा एकदम कमजोर रहेको देखाइएको छ । उक्त अध्ययनले नेपाली भाषालाई कम महत्त्व दिइएको, दक्ष शिक्षकको भावाभिव्यक्ति, अभ्यासको कमी आदि कुराहरूलाई कमजोर पक्षका रूपमा उल्लेख गरी निष्कर्ष निकालिएको छ । यस अध्ययनमा मध्यमान र मानक विचलनका आधारमा भने विश्लेषण गरिएको छैन । उक्त पूर्वकार्य सस्वरपठन क्षमताकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ र कक्षा चारका विद्यार्थीहरूलाई आधार मानेर अध्ययन गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत अध्ययनलाई जाँचसूची निर्माणमा सहयोग पुऱ्याएको छ ।

वि.क (२०६३), द्वारा प्रस्तुत **कक्षा चारमा अध्ययनरत पर्वती भाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । यो शोधकार्य कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, सामुदायिक र

संस्थागत विद्यालय, सहरी र ग्रामीण तथा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । सर्वेक्षण विधि अपनाई तयार परिएको उक्त शोधकार्य नौ ओटा गा.वि.स का १० ओटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । उक्त शोधकार्यमा ग्रामीण र सहरी क्षेत्रका सार्वजनिक विद्यालयका ९० जना विद्यार्थी र निजी विद्यालयका १० जनालाई मात्र लिइएको छ । विशेष गरी मातृभाषी विद्यार्थीहरू सस्वरपठनमा देखिन्छ । उक्त शोधकार्यमा विद्यालयको प्रकृति छुट्याएको भएतापनि एकरूपता नदेखिएको तथा मध्यमान र मानक विचलनका आधारमा पनि विश्लेषण गरिएको पाइदैन । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग सम्बधित रहेको छ भने उक्त शोधकार्य कक्षा चारका विद्यार्थीहरूको सस्वरपठन क्षमतामा आधारित भएकाले उक्त शोधकार्यभन्दा क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यको विधिको छनोटमा सहयोग पुगेको छ ।

कार्की (२०६६), द्वारा **उदयपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको देखिन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यार्थीहरूले सस्वरपठनका क्रममा गर्ने गल्तीका क्षेत्र पहिल्याउनु, छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक विश्लेषण गर्नु र सस्वरपठनका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेको छ । उक्त शोधकार्य सर्वेक्षण विधिमा आधारित छ । उक्त शोधकार्य तयार पार्ने क्रममा उदयपुर जिल्लाका ६ ओटा सामुदायिक विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूलाई परीक्षण गरी प्राप्त नतिजाका आधारमा व्याख्या विश्लेषण गरिएको पाइन्छ । उक्त शोधकार्यको नतिजाअनुसार सस्वरपठनको गतियति र स्वरप्रसारणमा सन्तोषजनक मात्र रहेको र चिह्न प्रयोगको ख्याल, भावाभिव्यक्तिाभिव्यक्ति, हाउभाउ तथा बोधगम्यतामा विद्यार्थीहरू निकै कमजोर देखिएको हुँदा सस्वरपठनका विभिन्न आधारहरूमा सचेत हुँदै सस्वरपठन अभ्यासमा जोड दिनुपर्ने सुझाव तथा निष्कर्षलाई उल्लेख गरिएको छ । उक्त पूर्वकार्य सस्वरपठन क्षमताको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ भने कक्षा पाँचका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यको उद्देश्य र सामग्री निर्माणमा सहयोग पुगेको छ ।

दाहाल (२०६६), द्वारा **सात कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोध अध्ययन गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक विश्लेषण गर्नु र सस्वरपठनका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । सर्वेक्षण पद्धतिमा आधारित रहेर गरिएको उक्त शोधकार्य काठमाडौं उपत्यकाभित्रका ४ ओटा सामुदायिक र ४ ओटा संस्थागत विद्यालय गरी जम्मा ८ ओटा विद्यालयका कक्षा सातमा अध्ययनरत ८० जना विद्यार्थीहरूमा परीक्षणको रूपमा लिइएको देखिन्छ । उक्त शोधकार्यमा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य सस्वरपठन क्षमताको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ भने काठमाडौं जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई नमुना आधार मानेर गरिएकाले क्षेत्रगत र कक्षागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त शोधकार्यले प्रस्तुत अध्ययनलाई उद्देश्य निर्माण र विधिको छनोटमा सहयोग पुगेको छ ।

भण्डारी (२०६७), द्वारा **कास्की जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त शोधकार्यमा कास्की जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र सस्वरपठनका सन्दर्भमा देखिएका कठिनाइका क्षेत्र पत्ता लगाई समस्या समाधानका लागि सुझाव दिनु मुख्य उद्देश्य रहेका छन् । उक्त अध्ययनका क्रममा सर्वेक्षण विधि अपनाई कास्की जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी १० विद्यालयका जम्मा १०० जनाविद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको देखिन्छ । उक्त अध्ययन विश्लेषणका क्रममा अतिउत्तमभन्दा उत्तम श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या अधिक रहेको देखाइएको छ । सामुदायिक विद्यालयका विद्यार्थीकोभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित हुँदाहुँदै पनि कक्षा र क्षेत्रका आधारमा भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यमा

मध्यमान र मानक विचलनका आधारमा अध्ययन गरिएको नभए तापनि उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई उद्देश्य निर्माण, अध्ययन विधिको छनोट र निष्कर्षमा पुग्नका लागि आधार प्राप्त भएको छ ।

बम (२०६८), द्वारा **कैलाली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिचान गर्नु तथा भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । क्षेत्रीय अध्ययन विधिमा आधारित उक्त अध्ययनमा नमुना छनोटका रूपमा छओटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरिएको छ । उक्त शोधकार्यमा सामुदायिक र संस्थागत विद्यालयमध्ये संस्थागत विद्यालयको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा मध्यमान र मानक विचलनका आधारमा भने विश्लेषण गरिएको छैन । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित रहेको छ भने अध्ययन क्षेत्रका आधारमा भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई सामग्री सङ्कलन, तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्नका लागि केही आधार प्राप्त भएको छ ।

कँडेल (२०६९), द्वारा **बाँके जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति तथा लैङ्गिकताका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्नु र सस्वरपठनमा देखिएका समस्याहरू प्रस्तुत गर्नु रहेका छन् । उक्त शोधकार्यमा जम्मा छओटा विद्यालयका १५/१५ गरी जम्मा ९० जना विद्यार्थीहरूमा सस्वरपठन क्षमताको अध्ययन गरिएको  पाइन्छ । यस शोध अध्ययनअनुसार निजी विद्यालयभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखाइएको छ । खास गरी प्रश्नचिह्न, पूर्णविराम, अल्पविराम आदि चिह्नहरूको प्रयोगमा धेरै विद्यार्थीहरू अलमलिएको निष्कर्ष निकालिएको पाइन्छ । उक्त पूर्वकार्यमा मध्यमान र मानक विचलनका आधारमा भने विश्लेषण गरिएको छैन । उक्त पूर्वकार्य सस्वरपठन क्षमताकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ । यति हुँदाहुँदै पनि कक्षा आठका विद्यार्थीहरूलाई

आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको अध्ययनले प्रस्तुत अध्ययनका क्रममा नमुना छनोट र तथ्याङ्कको व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

सुवेदी (२०६९), द्वारा अध्ययन गरिएको **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शोधशीर्षकको शोधपत्र उपलब्ध छ । उक्त अध्ययनमा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु र सस्वरपठनमा देखिएका कठिनाइहरू पत्ता लगाई समाधानका निम्ति सुझाव प्रस्तुत गर्नु उद्देश्य रहेका छन् । यो अध्ययन सर्वेक्षण विधिमा आधारित रहेको छ । उक्त अध्ययन निजी र सरकारी गरी जम्मा छओटा विद्यालयका ६० जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । उक्त शोध अध्ययनको निष्कर्षलाई मूल्याङ्कन गर्दा सस्वरपठन क्षमता निजी विद्यालयको भन्दा सरकारी विद्यालयको राम्रो रहेको उल्लेख गरिएको छ । प्रस्तुत शोधकार्य सस्वरपठन क्षमताको अध्ययनमा केन्द्रित भएकाले उक्त पूर्वकार्यसँग सम्बधित रहेको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई आधार मानेर तयार गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण र तालिकीकरणमा सहयोग पुऱ्याएको छ ।

ढकाल (२०७१), द्वारा **बाग्लुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा सस्वरपठनको तुलनात्मक अध्ययन गर्नु, भौगोलिक र भाषिक पृष्ठभूमिका आधारमा अध्ययन गर्नु र सस्वरपठनमा देखापर्ने कमजोरीका कारण र समाधानका उपाय सुझाउनु उद्देश्य रहेका छन् । यस शोधकार्य क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । उक्त शोधकार्य तयार पार्ने क्रममा बाग्लुङ जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालय गरी जम्मा १० ओटा विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूलाई परीक्षण गरी प्राप्त नतिजाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधकार्यमा मातृभाषाको प्रभावाभिव्यक्तिले नतिजा राम्रो नरहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको स्तर राम्रो रहेको र छात्रको

तुलनामा छात्राको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित भए तापनि कक्षा र क्षेत्रका आधारमा भिन्नसमेत रहेको छ। उक्त पूर्वकार्यमा मध्यमान र मानक विचलनका आधारमा भने विश्लेषण गरिएको छैन । उक्त पूर्वकार्यबाट उद्देश्य, तथ्याङ्कको व्याख्या तथा विश्लेषण र निष्कर्षसम्म पुग्नका लागि केही आधार प्राप्त भएको छ।

## २.४ अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्य विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यस सन्दर्भमा सस्वरपठनको अवधारणालाई पस्ट पार्नु आवश्यक छ । सस्वरपठनसम्बन्धी अवधारणलाई विभिन्न उपशीर्षकअन्तर्गत यसप्रकार उल्लेख गरिएको छ :

### २.४.१ सस्वरपठनको परिचय

भाषामा  मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मौखिक माध्यम बोलीमा मात्र हुनाले केही समयपछि हराएर जान सक्छ भने लिखित माध्यम लेखाइमा हुनाले संसारभर र कालान्तरसम्म रहिरहन्छ । त्यही लिखित रूपलाई अवाज निकालेर पढ्नु सस्वरपठन हो । पठनलाई पनि मौन पठन र सस्वरपठन गरी दुई प्रकारको हुन्छ । मौन पठन आवाज ननिकाली मनमनै आँखा र मस्तिष्कबीचको समन्वयबाट पठन गरिन्छ भने सस्वरपठन भन्नाले आँखा, मस्तिष्क र बोलीको माध्यमबाट आफू र अरूलाई समेत प्रभावाभिव्यक्ति पार्ने गरी पढ्नु हो । सामान्य अर्थमा सस्वरपठन आवाज निकालेर पढ्नु हो तर आवाज निकालेर पढ्दैमा सस्वरपठन हुन सक्दैन जसको लागि गति, यति, लय, आरोह-अवरोह, शुद्ध, हाउभाउ, स्पष्ट बोली, स्वरको प्रसारण आदि हुनु जरुरी हुन्छ । सस्वरपठन विशेष गरी ग्रहण सीपसँग सम्बन्धित भएकाले लिखित सामग्रीलाई आवाजमा बदलेर हाउभाउसहित श्रोताले बुझ्ने गरी स्पष्ट रूपमा बुझाउन सक्नुपर्दछ । अझ भन्ने हो भने लिपिबद्ध सामग्रीलाई गति, यति, आरोह-अवरोह, शुद्ध, स्पष्ट, अभिनयसहित आवाज निकालेर पढ्नु सस्वरपठन हो ।

### २.४.२ सस्वरपठनको महत्त्व र उपयोगिता

लिपिबद्ध गरी दृश्यात्मक रूपमा ल्याइएका ज्ञान, विज्ञान र सूचनासँग सम्बन्धित सामग्रीलाई आवाज निकालेर पढ्ने काम नै सस्वरपठन हो । सस्वरपठन एउटा महत्त्वपूर्ण सीप हो जसले लिखित सामग्रीलाई बोलीमा रूपान्तरण गरी भावाभिव्यक्तिग्रहणका निम्ति

मद्दत पुऱ्याउँदछ । यसमा आदानात्मक प्रारम्भिक सीप सुनाइमा जस्तो श्रोता र वक्ताका बीचको सुसम्बन्धको अपेक्षा नगरिए पनि लिखित सामग्रीलाई प्रभावाभिव्यक्तिकारी उच्चारण वा बोलीमा ल्याई श्रोतासम्म पुऱ्याएको तत्परताको निर्वाह भने हुने गर्दछ (नेत्रप्रसाद पौडेल) । भाषाका चार सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये एउटा सीप पढाइ पनि हो । सस्वरपठन पठनसीप विकासको पहिलो खुड्किलो  हो । सस्वरपठन क्षमता राम्रोसंग विकास हुन सकेन भने अन्य पठनमा पनि बाधा पर्न  जान्छ । सस्वरपठन प्रारम्भिक चरण भएकाले यो ठूला कक्षाका लागिभन्दा साना कक्षाका लागि बढी उपयोगी मानिन्छ । सस्वरपठन सबैभन्दा पहिला अक्षर र शब्दका तहबाट सुरु हुने भएकाले साना कक्षाका लागि ज्यादै महत्त्वपूर्ण मानिन्छ । सस्वरपठनले श्रोताको ध्यान आकर्षण गर्न, अभिव्यक्ति सीपको विकास गर्न, कक्षाकोठालाई रोचक बनाउन, जटिल लेख्य सामग्रीलाई हाउभाउ सहित सरल रूपमा प्रस्तुत गर्न, भाषिकाको प्रभावाभिव्यक्ति हटाउन, थेगोको प्रयोग कम गर्न, आफूले बुझ्न र अरूलाई बुझाउन सक्ने क्षमताको विकासमा सहयोग गर्दछ ।

### २.४.३ सस्वरपठन अध्ययनका प्रमुख आधारहरू

सस्वरपठनका केही आधारहरू रहेका छन् । यी आधार भनेका सस्वरपठन गर्दा ध्यान दिनुपर्ने कुराहरू हुन् । ती आधारहरूलाई ख्याल गरी सस्वरपठन गर्न सक्नु नै आदर्श सस्वरपठन हो । ती आधारहरूलाई यसप्रकार चर्चा गर्न सकिन्छ :

#### २.४.३.१ गति र यति

लिखित सामग्रीलाई आवश्यकताअनुसार वाचन गर्नुपर्ने हुन्छ । कुनै भनाइलाई छिटो छिटो र कुनै भनाइलाई विश्राम लिएर र कुनैलाई  लयसहित पढ्नुपर्ने हुन्छ । गति भनेको द्रुतता हो भने यति भनेको विश्राम हो । पढाइको गति पाठ्यसामग्रीको किसिम र पाठकको क्षमतामा आधारित हुन्छ । पाठ्यसामग्रीको किसिमअनुसार पाठकले गति, यति, लय मिलाएर पढ्नु पर्दछ । सस्वरपठनमा  गति र यतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसको ख्याल गरी पठन गर्न र गराउन सकेमा विद्यार्थीहरूको सस्वरपठन क्षमता विकास हुनका साथै पठनमा भएका कमी कमजोरीहरूलाई हटाउन सहयोग पुग्दछ ।

### २.४.३.२ हाउभाउ प्रदर्शन

सस्वरपठन क्षमता अध्ययनको अर्को महत्त्वपूर्ण आधार हाउभाउ प्रदर्शन हो । लिखित सामग्रीलाई गति र यति मिलाई अरूलाई सजिलो तरिकाले बुझाउनका निमित्त अभिनय तथा हाउभाउको भूमिकालाई महत्त्वपूर्ण मानिन्छ । कतिपय शब्दहरू बोलाइको माध्यमबाट बुझाउन नसकिने किसिमका हुन्छन् । तिनीहरूलाई बुझाउनका लागि अभिनय सङ्केत गरेर बुझाउन सकिन्छ । अभिनय तथा हाउभाउ प्रदर्शनले पठनलाई दिगो बनाइराख्न सहयोग गर्दछ तथा बोलेर बुझाउन नसकेका कुराहरूलाई सजिलैसँग बुझाउन, पठनपाठनलाई उपयोगी, चिरस्थायी, रोचक बनाउन सहयोग पुऱ्याएको हुन्छ । त्यसैले हाउभाउ प्रदर्शन सस्वरपठनको महत्त्वपूर्ण आधार हो ।

### २.४.३.३ लेख्यचिह्नको प्रयोग

लिपिबद्ध सामग्रीमा विभिन्न किसिमका लेख्यचिह्नको प्रयोग गरिएको हुन्छ; जस्तै पूणविराम (।), अल्पविराम (,), प्रश्नचिह्न (?), विस्मय (!), अर्धविराम (;), आदि । यही चिह्नहरूको ख्याल गरी सस्वरपठन गर्नु आवश्यक हुन्छ । यदि लिपिचिह्नहरूको सही प्रयोग नभए अर्थमा समेत फरक पर्न जान्छ ।

### २.४.३.४ स्वर प्रसारण

लिखित सामग्रीलाई भावाभिव्यक्तिअनुसार आरोह-अवरोह, आघात, लय, अनुतान आदि मिलाई वाचन गर्नु नै स्वर प्रसारण हो । पाठ्यसामग्रीमा व्यक्त भावाभिव्यक्तिअनुसार वाचन गर्दा कहाँ लय हालेर पढ्ने, कहाँ बढी जोड दिने, कहाँ कम जोड दिने, लेख्यचिह्नको प्रयोगअनुसार कसरी पढ्ने आदि जस्ता विभिन्न कुराहरूमा ध्यान दिई वाचन गर्न सक्नुपर्दछ । यसरी वाचन गर्न सकेको खण्डमा पढाइमा अभिरुचि, मिठास र मनोरञ्जन प्राप्त गर्न सकिन्छ । स्वर प्रसारण गर्दा विभिन्न चिह्नहरूको ख्याल गरी प्रसङ्ग र विषयअनुसार सस्वरपठन गर्नु पर्दछ ।

### २.४.३.५ स्पष्ट उच्चारण

सस्वरपठनको महत्त्वपूर्ण विषय स्पष्ट उच्चारण हो । सस्वरपठनले स्पष्ट उच्चारण गर्न सहयोग पुऱ्याउँदछ । वक्ताले सही उच्चारण गर्न सकेन भने अर्थको अनर्थ हुन सक्छ । स्पष्ट उच्चारण गति, यति, लिपि चिह्न, हाउभाउ, स्वर प्रसारण, भावाभिव्यक्तिानुकुल गर्न सक्नुपर्दछ । विशेष गरी अन्य मातृभाषीहरूलाई नेपाली भाषाको शुद्ध र स्पष्ट उच्चारणमा

समस्या देखिन्छ । अन्य मातृभाषी पृष्ठभूमि भएका विद्यार्थीहरूलाई विशेष ध्यानमा राखी स्पष्ट उच्चारणमा जोड दिई सस्वरपठन गराउनु पर्दछ ।

### २.४.३.६. भावाभिव्यक्ति

साहित्यका विभिन्न विधाहरू रहेका हुन्छन् र विधाअनुसार व्यक्त भावाभिव्यक्तिलाई परिवर्तन गर्न सक्नु पर्दछ । कथा, कविता, जीवनी, नाटक, संवाद, निबन्ध आदि विधाअनुसार पढाइको भावाभिव्यक्तिाभिव्यक्ति फरक हुन्छ । विधाअनुसार भावाभिव्यक्ति स्पष्ट हुने गरी तथा भाषिक अभिव्यक्ति नबिग्रिने गरी सस्वरपठन गर्नुपर्दछ ।

### २.४.४ सस्वरपठनमा प्रभावाभिव्यक्ति पार्ने प्रमुख तत्त्वहरू

सस्वरपठनको अभ्यासमा विभिन्न तत्त्वहरूले प्रभावाभिव्यक्ति पारिरहेका हुन्छन् । जसले गर्दा सस्वरपठनमा बालबालिकाहरूलाई असहज भइरहेको हुन्छ । ती तत्त्वहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

### २.४.४.१ वातावरण

वातावरणले सस्वरपठनको विकासमा प्रभावाभिव्यक्ति पार्दछ । सस्वरपठन गराउँदा वातावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सस्वरपठनको अभ्यास गराउँदा विद्यार्थीको जात, भाषिक पृष्ठभूमि, संस्कृति र समुदायको ख्याल गर्नु पर्दछ । एउटै समुदायमा बस्ने र एउटै कक्षामा अध्ययन गर्ने विद्यार्थी भएतापनि तिनीहरू एकभाषी वा बहुभाषी वातावरणका हुन सक्दछन् । एकभाषीभन्दा बहुभाषी विद्यार्थीहरू कमजोर हुन्छन् । त्यसैले सस्वरपठन गर्दा वातावरणमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

### २.४.४.२ शारीरिक तथा मानसिक अवस्था

शारीरिक तथा मानसिक अवस्था सस्वरपठनलाई प्रभावाभिव्यक्ति पार्ने अर्को तत्त्व हो । यसले पठन सीप विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बालबालिकाको शारीरिक र मानसिक अवस्था राम्रो नभएमा पठन प्रभावाभिव्यक्तिकारी बन्न सक्दैन र लिखित सामग्रीलाई गति, यति र स्पष्ट स्वर प्रसारणमा बाधा पुगी व्यक्त विचार एकातिर र पढाइ अर्कातिर हुन जान्छ यसले गर्दा पठन सीप विकासका साथसाथै अन्य सीप विकासमा समेत नराम्रो असर पर्दछ ।

#### २.४.४.३ संवेगात्मक अवस्था

सस्वरपठनलाई प्रभावाभिव्यक्ति पार्ने अर्को महत्त्वपूर्ण तत्त्व संवेगलाई मानिन्छ । लिखित सामग्रीलाई प्रसङ्ग र प्रभावाभिव्यक्तिकारीताका साथ पठन गर्नुपर्ने हुन्छ । व्यक्तिको रिस, डर, त्रास, आशङ्का, लज्जा, भय, उत्तेजना, आवेग आदि संवेगका कारण प्रभावाभिव्यक्तिकारी रूपमा पठन गर्न कठिनाइ हुन्छ । यही कारण विद्यार्थीले पठन गर्दा भकभकाएर पढ्ने, आत्तिएर पदक्रम बिगार्ने, गति, यति र लय नमिलाई पढ्ने, देहोऱ्याएर पढ्ने जस्ता विभिन्न अवस्था सिर्जना हुन्छन् । तसर्थ सस्वरपठन गराउँदा विद्यार्थीहरूको संवेगात्मक अवस्थालाई ख्याल गर्नु पर्दछ ।

#### २.४.४.४ अभिरुचि

पढाइप्रतिको चाहनालाई अभिरुचि भनिन्छ । अभिरुचि पठनमा प्रभावाभिव्यक्ति पार्ने तत्त्वहरूमध्ये एउटा तत्त्व हो । अभिरुचिबिनाको पढाइ निरर्थक र उपलब्धिबिहीन हुनपुग्दछ । र विद्यार्थीमा पढाइप्रतिको रुचि सकरात्मक भएमा सस्वरपठन उपलब्धिमूलक हुन्छ । त्यसैले सस्वरपठनलाई प्रभावाभिव्यक्तिकारी र अर्थपूर्ण बनाउनमा अभिरुचिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

#### २.४.४.५ भाषिक भेद

भाषिक भेद सस्वरपठन क्षमतालाई प्रभावाभिव्यक्ति पार्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । विद्यालयका बालबालिकाहरू सामाजिक, सांस्कृतिक, राजनैतिक र भौगोलिक विभिन्नतामा हुर्किएका हुन्छन् । यिनै विभिन्नताले एउटै भाषा बोल्ने व्यक्तिहरूमा पनि भाषिक भेद जन्मन पुग्दछ । हरेक भाषामा उच्चारण, वाक्यगठन र अर्थतत्त्वसम्बन्धी आ–आफ्नै विशेषता हुन्छन् । यस्ता विशेषताहरू कतिपय भाषामा मिल्दाजुल्दा हुन्छन् भने कतिपय अमिल्दा हुन्छन् । यसले गर्दा पठनसीप विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा असर पारिरहेको हुन्छ ।

### २.४.५ निष्कर्ष

यस अध्यायमा पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचाका बारेमा उल्लेख गरिएको छ । पूर्वकार्यको पुनरावलोकनअन्तर्गत पुस्तक पुनरावलोकन र शोध पुनरावलोकनलाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । यसअन्तर्गत पुस्तक पुनरावलोकनमा विभिन्न पुस्तकहरूको अध्ययनमा सस्वरपठन क्षमताको परिचय, सस्वपठनको औचित्य, सस्वरपठनमा प्रभावाभिव्यक्ति पार्ने तत्त्व, सस्वरपठनका प्रमुख आधारहरूको उल्लेख गरिएको

छ । पुस्तकसम्बन्धी पूर्वकार्यको पुनरावलोकनले अध्ययनसँग सम्बन्धित अवधारणात्मक ढाँचा निर्माण र विश्लेषणको आधार तयार गर्नमा सहयोग पुऱ्याएको छ । यस क्रममा शोधसम्बन्धी पूवकार्यको पुनरावलोकनअन्तर्गत विभिन्न शीर्षकमा फरक फरक कक्षाका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको कुराको उल्लेख गरिएको छ । उक्त शोध पुनरावलोकनमा समग्र, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको पहिचान दृष्टांश र अदृष्टांश अनुच्छेद तयार गरी कठिनाइ क्षेत्र पहिचान गरी तिनका निराकरणका उपाय पहिल्याउने उद्देश्य राखिएको पाइन्छ । सस्वरपठन क्षमताकै अध्ययनमा आधारित अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यबाट प्रस्तुत शोध अध्ययनको प्रायोगिक र सैद्धान्तिक पक्षमा सहयोग लिइएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य क्षेत्रीय अध्ययन विधिबाट सम्पन्न गरिएको छ । समग्र विद्यार्थीहरूलाई सरल यादृच्छिक नमुना छनोट विधिअन्तर्गतको चिठ्ठा प्रणाली अपनाइ तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म कुन कुन विधि अपनाइएको छ भन्ने बारेमा उल्लेख गर्नु आवश्यक भएकाले अध्ययनका क्रममा गरिएका कार्यहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

## ३.२ जनसङ्ख्या पहिचान

प्रस्तुत शोधकार्यको अध्ययनका लागि कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ तर कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत पूर्ण जनसङ्ख्यालाई आधार मानी शोधकार्य गर्न सम्भव नभएकाले उक्त जिल्लाका दुई ओटा नगरपालिकाभित्रका ५ ओटा संस्थागत र ५ ओटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा समावेश गरी अध्ययन गरिएको छ ।

## ३.३ नमुना छनोट

प्रस्तुत शोध कपिलवस्तु जिल्लाका सम्पूर्ण जनसङ्ख्यालाई समेटेर अध्ययन गर्न सम्भव नभएकाले कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाका १० ओटा विद्यालयलाई मात्र नमुना छनोटको रूपमा लिइएको छ । उक्त नगरपालिकाभित्र पर्ने सामुदायिक र संस्थागत विद्यालय दुवैलाई छनोट गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ  जसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रालाई छनोटको रूपमा समावेश गरिएको छ । सस्वरपठनका विभिन्न पक्षका आधारमा प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## ३.४ सामग्री सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्रीको अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका रूपमा मुख्यतः छनोट गरिएका विद्यालयहरूमा पुगी विद्यार्थीहरूलाई सस्वरपठन गर्न लगाई प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनाहरू सङ्कलन गरिएका छन् ।

### ३.४.२ द्वितीयक स्रोत

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि पुस्तकालयीय अध्ययन कार्यबाट द्वितीयक सामग्रीको रूपमा शोधपत्र, पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेखका साथै निर्देशकका निर्देशन र विशेषज्ञका राय सुझाउ आदि सङ्कलन गरिएका छन् ।

## ३.५ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिको भएकाले परीक्षणका लागि प्रश्नको रूपमा अवलोकन फारम बनाइएको छ । उक्त कार्य गर्दा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका निबन्ध र संवाद विधाका दृष्टांश सामग्रीका रूपमा अनुच्छेदहरू तोकिएका छन् । साथै कान्तिपुर पत्रिकाको शीर्षकको लेखलाई पनि अदृष्टांश सामग्रीका रूपमा छनोट गरिएको छ ।

## ३.६ पूर्वपरीक्षण र मानकीकरण

प्रस्तुत शोधकार्यको अध्ययनमा विद्यार्थीहरूको सस्वरपठनसम्बन्धी क्षमताको परीक्षण तथा सामग्री सङ्कलन गर्नुपर्ने भएकाले परीक्षण प्रश्नपत्र बनाई १० जना विद्यार्थीहरूमा प्रश्नको कठिनाइ स्तर पत्ता लगाउन पूर्वपरीक्षण गरिएको छ । उक्त सस्वरपठनको परीक्षण गर्न कक्षा अवलोकन फारम बनाई परीक्षण गरिएको छ । उक्त तयार गरिएको अवलोकन फारमलाई शोध निर्देशक, विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिइएको छ ।

## ३.७ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि परिक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरेपछि सम्बन्धित प्रधानाध्यापक एवम विषय शिक्षकहरूसँग सम्पर्क गरी विद्यार्थीहरूमा परीक्षण गर्नका लागि समय उपलब्ध गराइदिन अनुरोध गरिएको र विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो सस्वरपठन क्षमताको प्रस्तुतिका लागि सहज वातावरण उपलब्ध गराइएको छ ।

परीक्षा सञ्चालन हुनुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालना गर्नुपर्ने नियमहरूका बारेमा जानकारी गराई परीक्षाको निश्चित समय अवधि तोकिएको छ । त्यसपछि प्रश्नपत्रलाई परीक्षणको लागि अध्ययन गर्ने क्षेत्रमा गई प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्रा गरी एउटा विद्यालयका जम्मा १० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूमा परीक्षणको कार्यान्वयन गरिएको छ ।

## ३.८ उत्तरपुस्तिका परीक्षण

परीक्षणका लागि छनोट गरिएको पाठलाई हाउभाउ र अभिनयका साथ शुद्ध स्पष्ट पढ्नेलाई अतिउत्तम (७५ प्रतिशतदेखि माथि), शुद्ध पढ्नेलाई उत्तम (६० देखि ७४ प्रतिशत सम्म), अक्षर दोहोऱ्याउँदै केही अशुद्ध पढ्नेलाई मध्यम (४० देखि ५९ प्रतिशत सम्म) र अक्षर दोहोऱ्याएर ज्यादै अशुद्ध पढ्नेलाई निम्न (० देखि ३९ सम्म) स्तरमा राखी परीक्षण गरिएको छ ।

## ३.९ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि छनोट गरिएका विद्यालयका विद्यार्थीहरूलाई सर्वप्रथम दृष्टांश र अदृष्टांश सामग्रीलाई सस्वरपठन गर्न लगाई विद्यार्थीहरूको अनुमतिमा टेपरेकर्ड गरिएको छ । यस क्रममा अनुसन्धानकर्ताद्वारा जाँचसूचीको निर्माण गरी विभिन्न शीर्षकहरू गति र यति, स्पष्ट उच्चारण, स्वर प्रसारण, हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग र भावाभिव्यक्तिअभिव्यक्ति आदिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त सङ्कलित तथ्याङ्कलाई विभिन्न तहहरू अत्युत्तम, उत्तम, मध्यम र निम्न गरी चार तहमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ३.१० तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको स्थिति के कस्तो छ भन्ने कुराको वर्णनात्मक तरिकाले विभिन्न शीर्षकअनुसार बेग्लाबेग्लै व्याख्या तथा विश्लेषण गरिएको छ । प्रश्नपत्र जम्मा १५ पूर्णाङ्कको रहेको छ जसमा १२ देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीलाई अतिउत्तम, १० र ११ अङ्क प्राप्त गर्नेलाई उत्तम, ७, ८ र ९ अङ्क प्राप्त गर्नेलाई मध्यम र ६ देखि कम अङ्क प्राप्त गर्नेलाई निम्नस्तरमा राखी अध्ययन विश्लेषण गरिएको छ । उक्त सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारलाई विभिन्न उपशीर्षक गति, यति,

हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण र भावाभिव्यक्तिाभिव्यक्तिमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । साथै उक्त विश्लेषणबाट आएको सङ्ख्यालाई प्रतिशतमा रूपान्तरण गरी मध्यमान र मानक विचलनसहित स्तम्भचित्रमा छुट्टाछुट्टै रूपमा समेत देखाई व्याख्या तथा विश्लेषण गरिएको छ । सस्वरपठनको अवधारणात्मक ढाँचा प्रस्तुत गर्ने क्रममा निगमनात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने तथ्याङ्कको व्याख्या विश्लेषण गरी विद्यार्थीहरूको सस्वरपठन क्षमताको निष्कर्ष निकाल्नका लागि आगमनात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय चार

# समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

## ४.१ पृष्ठभूमि

यस अध्यायमा जनसङ्ख्याको नमुना छनोटमा परेका समग्र (१०० जना) विद्यार्थीहरूको सस्वरपठन क्षमताको स्थितिको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा सस्वरपठनका विभिन्न पक्ष/आधारहरुलाई छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ ।

## ४.२ गति र यतिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा गति र यतिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । गति र यतिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१**

**गति र यतिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | २ |
| २ | ४०–५९ | १४ | १४ |
| ३ | ६०–७४ | ३४ | ३४ |
| ४ | ७५ देखि माथि | ५० | ५० |

प्रस्तुत तथ्याङ्कअनुसार छनोटमा परेका समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई गति र यतिका आधारमा हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (१४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३४ (३४ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५० (५० प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार गति र यतिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा सस्वरपठनको निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू ८४ प्रतिशत रहेकाले गति र यतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.३ लेख्यचिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत लेख्यचिह्न प्रयोगका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । लिखित सामग्रीमा प्रयोग भएका लेख्यचिह्नका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–२**

**लेख्यचिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | २ |
| २ | ४०–५९ | १४ | १४ |
| ३ | ६०–७४ | ३८ | ३८ |
| ४ | ७५ देखि माथि | ४६ | ४६ |

प्रस्तुत तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (प्रतिशत),

६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३८ (३८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४६ (४६ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कमा प्रस्तुत गरेअनुसार लेख्यचिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा सस्वरपठनको निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ४६ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका १६ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८४ प्रतिशत रहेकाले लेख्यचिह्न प्रयोगका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.४ हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा समग्र विद्यार्थीहरूको हाउभाउ प्रदर्शनका आधारमा सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यसै क्रममा हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरू सस्वरपठन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–३**

**हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ६ | ६ |
| २ | ४०–५९ | २४ | २४ |
| ३ | ६०–७४ | ३७ | ३७ |
| ४ | ७५ देखि माथि | ३३ | ३३ |

प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (६

प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ (२४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३७ (३७ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३३ (३३ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा सस्वरपठनको निम्नस्तरको क्षमता भएका ६ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३७ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३३ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका ३० प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ७० प्रतिशत रहेकाले हाउभाउ प्रदर्शनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.५ स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–४**

**स्वरप्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ४ | ४ |
| २ | ४०–५९ | १४ | १४ |
| ३ | ६०–७४ | ४३ | ४३ |
| ४ | ७५ देखि माथि | ३९ | ३९ |

प्रस्तुत तालिकाअनुसार स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (४ प्रतिशत),

४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (१४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४३ (४३ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३९ (३९ प्रतिशत रहेको पाइन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा सस्वरपठनको निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४३ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३९ प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । यसरी हेर्दा समग्र विद्यार्थीहरूको सस्वरपठनको निम्न र मध्यम स्तरको क्षमतामा १८ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमतामा ८२ प्रतिशत विद्यार्थीहरू रहेकाले स्वर प्रसारणका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.६ स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–५**

**स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | २ |
| २ | ४०–५९ | २१ | २१ |
| ३ | ६०–७४ | ४६ | ४६ |
| ४ | ७५ देखि माथि | ३१ | ३१ |

प्रस्तुत तथ्याङ्कअनुसार समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई स्पष्ट उच्चारणका आधारमा हेर्दा, १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (२

प्रतिशत, ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (२१ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४६ (४६ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ (३१ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २१ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४६ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३१ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू कम (२३ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी (७७ प्रतिशत) रहेकाले स्पष्ट उच्चारणका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.७ भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–६**

**भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | १ |
| २ | ४०–५९ | ७ | ७ |
| ३ | ६०–७४ | ४२ | ४२ |
| ४ | ७५ देखि माथि | ५० | ५० |

प्रस्तुत तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (१ प्रतिशत),

४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७ (७ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४२ (४२ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५० (५० प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कमा प्रस्तुत गरेअनुसार भावाभिव्यक्तिका आधारमा समग्र सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका १ प्रतिशत, मध्यम स्तरको क्षमता भएका ७ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ८ प्रतिशततथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू ९२ प्रतिशत रहेकाले भावाभिव्यक्तिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता ज्यादै राम्रो रहेको पाइन्छ ।

## ४.८ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–७**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| समग्र मध्यमान | समग्र मानक विचलन |
|---|---|
| ७५.८७ | ५.०६२ |

प्रस्तुत तालिकाअनुसार नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको सस्वरपठन क्षमताको प्राप्ताङ्कको मध्यमान ७५.८७ रहेको छ भने मानक विचलन ५.६२ रहको छ । समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको मध्यमानलाई आधार मान्दा उक्त क्षमता राम्रो

रहेको पाइन्छ । साथै मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता पनि राम्रो रहेको पाइन्छ ।

## ४.९ निष्कर्ष

यस अध्यायमा कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनको व्याख्या तथा विश्लेषण गरिएको छ । यसमा कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको गति र यति, हाउभाउ प्रदर्शन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण र भावाभिव्यक्तिका आधारमा समग्र विद्यार्थीहरुको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यही समग्र स्थितिलाई हेर्दा विद्यार्थीहरूको गति र यतिका आधारमा उत्तम र अतिउत्तम स्तरको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू ८४ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी लेख्यचिह्न प्रयोगका आधारमा उत्तम र अतिउत्तमको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू पनि ८४ नै रहेको देखिन्छ । हाउभाउप्रदर्शनका आधारमा उत्तम र अतिउत्तमको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू ६९ प्रतिशत रहेको पाइन्छ भने स्पष्ट उच्चारणका आधारमा उत्तम र अतिउत्तमको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू ७७ प्रतिशत रहेको देखिन्छ । स्वर प्रसारणका आधारमा उत्तम र अतिउत्तमको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ८२ प्रतिशत रहेको देखिन्छ भने भावाभिव्यक्तिका आधारमा उत्तम र अतिउत्तमको सस्वरपठन क्षमता भएका विद्यार्थीहरू ९२ प्रतिशत रहेको पाइन्छ । यसरी प्रस्तुत व्याख्या तथा विश्लेषणलाई आधारमा मान्दा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । अतः भावाभिव्यक्तिका आधारमा गरिएको सस्वरपठनको क्षमता सबैभन्दा बढ (९२ प्रतिशत) र हाउभाउ प्रदर्शनका आधारमा गरिएको सस्वरपठन क्षमता सबैभन्दा कम (६९ प्रतिशत) रहेको देखिन्छ । त्यसै गरी १०० पूर्णाङ्कको उक्त प्रश्नपत्रलाई आधार मानी विश्लेषण गरिएको मध्यमान र मानक विचलन क्रमशः ७५.८७ र ५.०६२ आउनुले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई अध्ययन विश्लेषण गर्दा राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता

## ५.१ पृष्ठभूमि

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा छनोटमा परेका कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू गरी जम्मा १०० जना विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनका क्रममा सस्वरपठनका विभिन्न पक्षहरूका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई सुरुमा छुट्टाछुट्टै उपशीर्षकमा र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ ।

## ५.२ गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले सस्वरपठनका क्रममा गति र यतिको सन्तुलन मिलाए नमिलाएको कुराको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१**

**गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ११ | २२ |
| ३ | ६०–७४ | १९ | ३८ |
| ४ | ७५ देखि माथि | १९ | ३८ |

प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका २४ प्रतिशततथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ७६ प्रतिशत रहेकाले गति र यतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.३ गति र यतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

प्रस्तुत उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको गति र यतिका आधारमा सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । गति र यतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या –२**

**गति र यतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ३ | ६ |
| ३ | ६०–७४ | १५ | ३० |
| ४ | ७५ देखि माथि | ३१ | ६२ |

प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको देखिन्छ ।

यसरी तथ्याङ्कमा प्रस्तुत गरेअनुसार गति र यतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका ६ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३० प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ६२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । प्रस्तुत तथ्याङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका ८ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ९२ प्रतिशत रहेकाले गति र यतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.४ गति र यतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–३**

**गति र यतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | १ | २ |
| २ | ४०–५९ | ११ | २२ | ३ | ६ |
| ३ | ६०–७४ | १९ | ३८ | १५ | ३० |
| ४ | ७५ देखि माथि | १९ | ३८ | ३१ | ६२ |

**स्तम्भचित्र सङ्ख्या–१**

**गति र यतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**




प्रस्तुत तालिका र स्तम्भचित्रअनुसार गति र यतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या पनि १ (२ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको छ । त्यस्तै ७५ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बराबर २ प्रतिशत रहेको देखिन्छ । यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू

६ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको गति र यतिका आधारमा सस्वरपठन क्षमताको मध्यम स्तर बढी रहेको देखिन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ६२ प्रतिशत रहेकाले सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको गति र यतिका आधारमा सस्वरपठन क्षमता धेरै राम्रो रहेको देखिन्छ । यसरी उत्तम र अतिउत्तम स्तरको क्षमताको समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.५ लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–४**

**लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ८ | १६ |
| ३ | ६०–७४ | २१ | ४२ |
| ४ | ७५ देखि माथि | २० | ४० |

प्रस्तुत तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेदा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको देखिन्छ ।

यसरी तथ्याङ्कअनुसार लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १६ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ४० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका १८ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८२ प्रतिशत रहेकाले लेख्यचिह्न प्रयोगका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको छ ।

## ५.६ लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–५**

**लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ६ | १२ |
| ३ | ६०–७४ | १७ | ३४ |
| ४ | ७५ देखि माथि | २६ | ५२ |

प्रस्तुत तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत),६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ (५२ प्रतिशत) रहेको देखिन्छ ।

यसरी लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५२ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८६ प्रतिशत विद्यार्थीहरू रहेकाले लेख्यचिह्न प्रयोगका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.७ लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्याथीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–६**

**लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | १ | २ |
| २ | ४०–५९ | ८ | १६ | ६ | १२ |
| ३ | ६०–७४ | २१ | ४२ | १७ | ३४ |
| ४ | ७५ देखि माथि | २० | ४० | २६ | ५२ |

स्तभचित्र सङ्ख्या–२

लेख्यचिह्न प्रयोगका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार लेख्यचिह्न प्रयोगका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेका छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ भन्दा बढी अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २६ (५२ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता २ प्रतिशत अर्थात बराबरी रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू १६ प्रतिशत र

संस्थागत विद्यालयका विद्यार्थीहरू १२ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थीहरू बढी रहेको देखिन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ४२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३४ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ४० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ५२ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी लेख्यचिह्न प्रयोगका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमताको समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.८ हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–७**

**हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ४ | ८ |
| २ | ४०–५९ | १४ | २८ |
| ३ | ६०–७४ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | १४ | २८ |

प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको

सङ्ख्या ४ (८ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको देखिन्छ ।

यसरी तथ्याङ्कमा प्रस्तुत गरेअनुसार हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ८ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २८ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३६ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका २८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू ६४ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको छ ।

## ५.९ हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत संस्थागत विद्यालयका विद्यार्थीहरूको हाउभाउ प्रदर्शनका आधारमा सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–८**

**हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | १० | २० |
| ३ | ६०–७४ | १९ | ३८ |
| ४ | ७५ देखि माथि | १९ | ३८ |

प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० ( २० प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको देखिन्छ ।

यसरी तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २० प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू कम (२४ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी (७६ प्रतिशत) रहेकाले हाउभाउ प्रदर्शनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.१० हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–९**

**हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | ४ | ८ | २ | ४ |
| २ | ४०–५९ | १४ | २८ | १० | २० |
| ३ | ६०–७४ | १८ | ३६ | १९ | ३८ |
| ४ | ७५ देखि माथि | १४ | २८ | १९ | ३८ |

**स्तभचित्र सङ्ख्या–३**

**हाउभाउ प्रदर्शनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**




प्रस्तुत तालिका र स्तम्भचित्रअनुसार हाउभाउ प्रदर्शनका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेका छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४ प्रतिशत रहेकाले हाउभाउ

प्रदर्शनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू २० प्रतिशत रहेकाले मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू बढी रहेको देखिन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ३६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको हाउभाउ प्रदर्शनका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.११ स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठनका क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१०**

**स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | १३ | २६ |
| ३ | ६०–७४ | २४ | ४८ |
| ४ | ७५ देखि माथि | १२ | २४ |

प्रस्तुत तालिकाको तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ (४८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) रहेको देखिन्छ ।

यसरी हेर्दा स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २६ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका २४ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (२८ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (७२ प्रतिशत) विद्यार्थीहरू रहेकाले स्पष्ट उच्चारणका आधारमा सामुदायिक विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.१२ स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्पष्ट उच्चारणका आधारमा सस्वरपठन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ । स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

## तालिका सङ्ख्या –११

## स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ८ | १६ |
| ३ | ६०–७४ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | १९ | ३८ |

प्रस्तुत तालिकाअनुसार स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ ( ४४ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १६ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (१८ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (८२ प्रतिशत) रहेकाले स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१३ स्पष्ट उच्चारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१२**

**स्पष्ट उच्चारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | १ | २ |
| २ | ४०–५९ | १३ | २६ | ८ | १६ |
| ३ | ६०–७४ | २४ | ४८ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | १२ | २४ | १९ | ३८ |

**स्तभचित्र सङ्ख्या–४**

**स्पष्ट उच्चारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**



प्रस्तुत तालिका र स्तम्भचित्रअनुसार स्पष्ट उच्चारणका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) अर्थात बराबरी रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेका छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको छ । त्यस्तै ७५ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू २ प्रतिशत अर्थात बराबर रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू १६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू १२ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थीहरू बढी रहेको देखिन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ४८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४४ प्रतिशत रहेकाले स्पष्ट उच्चारणका आधारमा संस्थागत विद्यायका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २४ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी उत्तम र अतिउत्तम स्तरको क्षमताको समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्पष्ट उच्चारणका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको छ ।

## ५.१४ स्वर प्रसारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा स्वर प्रसारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठनका क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१३**

**स्वर प्रसारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ३ | ६ |
| २ | ४०–५९ | ८ | १६ |
| ३ | ६०–७४ | २५ | ५० |
| ४ | ७५ देखि माथि | १४ | २८ |

प्रस्तुत तालिकाअनुसार स्वर प्रसारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ ।

यसरी तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ६ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १६ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ५० प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका २८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (२४ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता

भएका बढी (७६ प्रतिशत) रहेकाले स्वर प्रसारणका आधारमा सामुदायिक विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.१५ स्वर प्रसारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका विद्याथीहरूको स्वर प्रसारणका आधारमा सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । स्वर प्रसारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या –१४**

**स्वर प्रसारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | ६ | १२ |
| ३ | ६०–७४ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | २५ | ५० |

प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको देखिन्छ ।

यसरी तालिकाअनुसार स्वर प्रसारणका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १२प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३६ प्रतिशत र

अतिउत्तम स्तरको क्षमता भएका ५० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका १६ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८४ प्रतिशत रहेकाले स्वर स्वरप्रसारणका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.१६ स्वर प्रसारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको स्वर प्रसारणका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१५**

**स्वर प्रसारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | ३ | ६ | २ | ४ |
| २ | ४०–५९ | ८ | १६ | ६ | १२ |
| ३ | ६०–७४ | २५ | ५० | १८ | ३६ |
| ४ | ७५ देखि माथि | १४ | २८ | २५ | ५० |

स्तभचित्र सङ्ख्या–५

स्वर प्रसारणका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको  तुलनात्मक तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रअनुसार स्वर प्रसारणका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ ।त्यसै गरी ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ । त्यस्तै ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४ प्रतिशत रहेकाले सामुदायिक

विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू १६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू १२ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थीहरू बढी रहेको पाइन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ५० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३६ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै अतिउत्तम स्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू २८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ५० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको स्वर प्रसारणका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी स्वरप्रसारणका आधारमा उत्तम र अतिउत्तम स्तरको समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१७ भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठनका क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ । भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१६**

**भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ५ | १० |
| ३ | ६०–७४ | २५ | ५० |
| ४ | ७५ देखि माथि | १९ | ३८ |

प्रस्तुत तालिकाअनुसार भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १(२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको देखिन्छ ।

यसरी तालिकाअनुसार भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका विद्यार्थी २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १० प्रतिशत, उत्तम स्तरको क्षमता भएका ५० प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । उक्त तालिकाअनुसार भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थी १२ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८८ प्रतिशत रहेकाले भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.१८ भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या –१७**

**भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ० | ० |
| २ | ४०–५९ | २ | ४ |
| ३ | ४०–५९ | १७ | ३४ |
| ४ | ७५ देखि माथि | ३१ | ६२ |

प्रस्तुत तालिकाअनुसार भावाभिव्यक्ति आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ० (शून्य प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको देखिन्छ ।

यसरी तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका शून्य प्रतिशत, मध्यम स्तरको क्षमता भएका ४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ६२ प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (४ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (९६ प्रतिशत) विद्यार्थी रहेकाले भावाभिव्यक्तिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१९ भावाभिव्यक्तिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा भावाभिव्यक्तिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा भावाभिव्यक्तिका आधारमा गरिएको तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१८**

**भावाभिव्यक्तिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | ० | ० |
| २ | ४०–५९ | ५ | १० | २ | ४ |
| ३ | ६०–७४ | २५ | ५० | १७ | ३४ |
| ४ | ७५ देखि माथि | १९ | ३८ | ३१ | ६२ |

**स्तभचित्र सङ्ख्या–६**

**भावाभिव्यक्तिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**




प्रस्तुत तालिकाअनुसार भावाभिव्यक्तिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ० (शून्य प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ ।त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेका छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३१ (६२ प्रतिशत) रहेको छ ।

प्रस्तुत तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू नभएकाले भावाभिव्यक्तिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको

तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू १० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४ प्रतिशत रहेको छ । त्यसै गरी भावाभिव्यक्तिका आधारमा उत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ५० प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३४ प्रतिशत रहेकाले भावाभिव्यक्तिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ६२ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको भावाभिव्यक्तिका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी भावाभिव्यक्तिका आधारमा उत्तम र अतिउत्तम स्तरको समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.२० मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनालाई यसप्रकार तालिकामा प्रस्तुत गरी अध्ययन विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१९**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|
| मध्यमान | मानक विचलन | मध्यमान | मानक विचलन |
| ७२.८ | ५.०९५ | ७८.९३ | ४.३६ |

प्रस्तुत तालिकाअनुसार सामुदायिक विद्यालयतर्फका विद्यार्थीहरूको सस्वरपठन क्षमताको मध्यमान ७२.८ रहेको छ भने संस्थागत विद्यालयतर्फको मध्यमान ७८.९३ रहेको देखिन्छ । यसका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यसै गरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको मानक विचलन ५.०९५ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको मानक विचलन ४.३६ रहेको छ । मानक विचलनका आधारमा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको छ ।

## ५.२१ निष्कर्ष

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको  सस्वरपठन क्षमताका आधारमा अध्ययन गर्दा गति र यतिका आधारमा हेर्दा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थी ७६ प्रतिशत र सामुदायिक विद्यालयका विद्यार्थी ९० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी लेख्यचिह्न प्रयोगका आधारमा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ८२ र संस्थागत विद्यालयका विद्यार्थी ८६ रहेको पाइन्छ । हाउभाउ प्रदर्शनका आधारमा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ६४ र संस्थागत विद्यालयका विद्यार्थीहरू ७६ रहेका छन् । त्यसै गरी स्पष्ट उच्चारणका आधारमा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ७२ रहेका छन् भने सामुदायिक विद्यालयका विद्यार्थीहरू ८२ रहेका छन् । स्वर प्रसारणका आधारमा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ८८ र संस्थागत विद्यालयका विद्यार्थीहरू ८६ रहेको देखिन्छ । त्यसै गरी भावाभिव्यक्तिका आधारमा ६० देखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू ८८ र सामुदायिक विद्यालयका विद्यार्थीहरू ९६ रहेका छन् । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता

## ६.१ पृष्ठभूमि

यस अध्यायमा लैङ्गिकताका आधारमा ५० जना छात्र र ५० जना छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यस क्रममा उक्त विद्यार्थीहरूको सस्वरपठन क्षमताको सुरुमा छुट्टाछुट्टै (छात्र र छात्रा) अध्ययन गरिसकेपछि अन्त्यमा तुलनात्मक अध्ययनसमेत गरिएको छ ।

## ६.२ गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१**

**गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ६ | १२ |
| ३ | ६०–७४ | १६ | ३२ |
| ४ | ७५ देखि माथि | २७ | ५४ |

प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ६ (१२ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १६ (३२ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २७ (५४ प्रतिशत) रहेको देखिन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५४ प्रतिशत छात्रहरू रहेको देखिन्छ । प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका छात्रहरू १४ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ८६ प्रतिशत रहेकाले गति र यतिका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.३ गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । त्यसका लागि यहाँ छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–२**

**गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ८ | १६ |
| ३ | ६०–७४ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | २३ | ४६ |

प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ८ (१६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १६ (३२ प्रतिशत) र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रारूको सङ्ख्या २३ (४६ प्रतिशत) रहेको छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ४६ प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (१४ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (८६ प्रतिशत) रहेकाले गति र यतिका आधारमा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.४ गति र यतिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको गति र यतिका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या–३**

**गति र यतिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | १ | २ |
| २ | ४०–५९ | ६ | १२ | ८ | १६ |
| ३ | ६०–७४ | १६ | ३२ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | २७ | ५४ | २३ | ४६ |

## स्तम्भचित्र सङ्ख्या–१

### गति र यतिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क




प्रस्तुत तालिकाअनुसार गति र यतिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्र र छात्राहरू दुबैको सङ्ख्या १ (२ प्रतिशत) अर्थात बराबर रहेको देखिन्छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको देखिन्छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २७ (५४ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या २३ (४६ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार गति र यतिका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका छात्र र छात्रहरू दुबै २ प्रतिशत अर्थात बराबर रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्रहरू १२ प्रतिशत र छात्राहरू १६ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा छात्राहरू नै बढी रहेको पाइन्छ । त्यसै गरी गति र यतिका आधारमा सस्वरपठन क्षमतालाई हेर्दा उत्तम स्तरको क्षमता भएका छात्रहरू ३२ प्रतिशत र छात्राहरू ३६ प्रतिशत रहेकाले उत्तम स्तरको क्षमतामा छात्राहरू नै बढी रहेको पाइन्छ ।

त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ५४ प्रतिशत र छात्राहरू ४६ प्रतिशत रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको गति र यतिका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी उत्तम र अतिउत्तम स्तरको क्षमताको समग्र स्थितिलाई हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.५ हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । छात्रहरूको हाउभाउ प्रदर्शनका आधारमा सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–४**

**हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | १० | २० |
| ३ | ६०–७४ | १९ | ३८ |
| ४ | ७५ देखि माथि | १९ | ३८ |

प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १० (२० प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १९ (३८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको देखिन्छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २० प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३८ प्रतिशत छात्रहरू रहेको पाइन्छ । प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका

आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका छात्रहरू २४ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ७६ प्रतिशत रहेकाले हाउभाउ प्रदर्शनका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.६ हाउभाउ प्रदर्शनका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा हाउभाउ प्रदर्शनका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । त्यसका लागि यहाँ छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–५**

**हाउभाउ प्रदर्शनका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ४ | ८ |
| २ | ४०–५९ | १४ | २८ |
| ३ | ६०–७४ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | १४ | २८ |

प्रस्तुत तालिकाअनुसार हाउभाउ प्रदर्शनका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू ४ (८ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू १४ (२८ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू १८ (३६ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १४ ( २८ प्रतिशत) रहेको छ ।

यसरी प्रस्तुत तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमाछात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ८ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३६ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३० प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका ३६ प्रतिशत तथा उत्तम

र अतिउत्तम स्तरको क्षमता भएका ६४ प्रतिशत रहेकाले हाउभाउ प्रदर्शनका आधारमा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.७ हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूका सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूको तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–६**

**हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | २ | ४ | ४ | ८ |
| २ | ४०–५९ | १० | २० | १४ | २८ |
| ३ | ६०–७४ | १९ | ३८ | १८ | ३६ |
| ४ | ७५ देखि माथि | १९ | ३८ | १४ | २८ |

## स्तम्भचित्र सङ्ख्या–२

### हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क




प्रस्तुत तथ्याङ्कअनुसार हाउभाउ प्रदर्शनका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १० (२६ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेका छ भने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने छात्राहरू १४ (२८ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार निम्नस्तरको क्षमता भएका छात्रहरू ४ प्रतिशत र छात्राहरू ८ प्रतिशत रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको छ । त्यस्तै मध्यम स्तरको क्षमतामा भएका छात्रहरू २० प्रतिशत र छात्राहरू २८ प्रतिशत रहेकाले छात्राहरू बढी रहेको देखिन्छ । त्यसै गरी हाउभाउ प्रदर्शनका आधारमा उत्तम स्तरको क्षमता भएका छात्रहरू ३८ प्रतिशत र छात्राहरू ३६ प्रतिशत रहेको हुँदा छात्राहरूको

तुलनामा छात्रहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ३८ प्रतिशत र छात्राहरू २८ प्रतिशत रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको हाउभाउ प्रदर्शका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.८ लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । छात्रहरूको सस्वरपठनका क्रममा लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–७**

**लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ७ | १४ |
| ३ | ६०–७४ | १८ | ३४ |
| ४ | ७५ देखि माथि | २४ | ४८ |

प्रस्तुत तालिकाको तथ्याङ्कअनुसार लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या७ (१४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ (३६ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका छात्रहरू २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ३४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५० प्रतिशत छात्रहरू रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कअनुसार लेख्यचिह्न

प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (१६ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (८४ प्रतिशत) छात्रहरू रहेकाले लेख्यचिह्न प्रयोगका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.९ लेख्यचिह्न प्रयोगका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा छात्राहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । त्यसका लागि छात्राहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–८**

**लेख्यचिह्न प्रयोगका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ७ | १४ |
| ३ | ६०–७४ | २० | ४० |
| ४ | ७५ देखि माथि | २२ | ४४ |

प्रस्तुत तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ७ (१४ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २० (४० प्रतिशत) र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रारूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कअनुसार लेख्यचिह्न प्रयोगका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका १४ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता

भएका ४४ प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तालिकाको आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्नस्तरको क्षमता भएका कम (१६ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (८४ प्रतिशत) रहेकाले लेख्यचिह्न प्रयोगका आधारमा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१० लेख्यचिह्न प्रयोगका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–९**

**लेख्यचिह्न प्रयोगका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | १ | २ |
| २ | ४०–५९ | ७ | १४ | ७ | १४ |
| ३ | ६०–७४ | १८ | ३६ | २० | ४२ |
| ४ | ७५ देखि माथि | २४ | ४८ | २२ | ४४ |

### स्तम्भचित्र सङ्ख्या–३

### लेख्यचिह्न प्रयोगका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क




प्रस्तुत तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्र र छात्राहरूको सङ्ख्या १ (२ प्रतिशत) अर्थात बराबरी रहेको पाइन्छ ।त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्र र छात्राहरूको सङ्ख्या ७ (१४ प्रतिशत) अर्थात बराबरी रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेका पाइन्छ भने छात्राहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको देखिन्छ । त्यसै गरी ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ भने छात्राहरू २२ (४४ प्रतिशत) रहेको पाइन्छ ।

यस तालिकाअनुसार लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्मस्तरको क्षमता भएका छात्र र छात्राहरू २ प्रतिशत अर्थात दुबैको सस्वरपठन क्षमता बराबरी रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्र र छात्राहरू दुबै १४ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा पनि बराबरी नै रहेको देखिन्छ । त्यसै गरी लेख्यचिह्न प्रयोगका आधारमा उत्तम स्तरको क्षमता भएका छात्रहरू ३६ प्रतिशत र छात्राहरू ४० प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको सस्वरपठन क्षमता केही

राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ४८ प्रतिशत र छात्राहरू ४४ प्रतिशत रहेकाले छात्रहरूको लेख्यचिह्न प्रयोगका आधारमा सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी लेख्यचिह्न प्रयोगका आधारमा उत्तम र अतिउत्तम स्तरको समग्र स्थितिलाई हेर्दा छात्र र छात्राहरूको सस्वरपठन क्षमता (८४ प्रतिशत) बराबरी रहेको देखिन्छ ।

## ६.११ स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । छात्रहरूको सस्वरपठनका क्रममा स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१०**

**स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | १० | २० |
| ३ | ६०–७४ | २४ | ४८ |
| ४ | ७५ देखि माथि | १४ | २८ |

प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १० (२० प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २४ (४८ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २०

प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४८ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका २८ प्रतिशत छात्रहरू रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका छात्रहरू कम (२२ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (७८ प्रतिशत) रहेकाले स्पष्ट उच्चारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१२ स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ । स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–११**

**स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ० | ० |
| २ | ४०–५९ | ११ | २२ |
| ३ | ६०–७४ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | १७ | ३४ |

प्रस्तुत तालिकाअनुसार स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ० (शून्य प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ११ (२२ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) र ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रारूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका शून्य प्रतिशत, मध्यम स्तरको क्षमता भएका २२ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता

भएका ३४ प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तालिकाको आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्नस्तरको क्षमतामा शून्य प्रतिशत, मध्यम स्तरको क्षमता भएका २२ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ७८ प्रतिशत रहेकाले स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१३ स्पष्ट उच्चारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत छात्र र छात्राहरूको स्पष्ट उच्चारणका आधारमा सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा स्पष्ट उच्चारणका आधारमा गरिने तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१२**

**स्पष्ट उच्चारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | ० | ० |
| २ | ४०–५९ | १० | २० | ११ | २२ |
| ३ | ६०–७४ | २४ | ४८ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | १४ | २८ | १७ | ३४ |

**स्तम्भचित्र सङ्ख्या–४**

**स्पष्ट उच्चारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनाको तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ भने छात्राहरू ० (शून्य प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ भने छात्राहरू ११ (२२ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ भने छात्राहरू २२ (४४ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने छात्राहरू १७ (३४ प्रतिशत) रहेको  पाइन्छ ।

यस तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका छात्रहरू २ प्रतिशत र छात्राहरू शून्य प्रतिशत रहेकाले छात्रहरूको भन्दा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्रहरू २० प्रतिशत र छात्राहरू २२ प्रतिशत रहेकाले मध्यम स्तरको क्षमतामा छात्राहरूको सस्वरपठन क्षमता बढी रहेको देखिन्छ । त्यसै गरी स्पष्ट उच्चारणका आधारमा उत्तम स्तरको क्षमता भएका छात्रहरू ४८ प्रतिशत र छात्राहरू ४४ प्रतिशत रहेको हुँदा छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको

देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू २८ प्रतिशत र छात्राहरू ३४ प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यसरी स्पष्ट उच्चारणका आधारमा उत्तम र अतिउत्तम स्तरको समग्र स्थितिलाई हेर्दा छात्रहरू ७६ प्रतिशत र छात्राहरू ७८ प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ ।

## ६.१४ स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

प्रस्तुत उपशीर्षकमा स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१३**

**स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | ४ | ८ |
| ३ | ६०–७४ | २१ | ४२ |
| ४ | ७५ देखि माथि | २३ | ४६ |

प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ४ (८ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २१ (४२ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २३ (४६ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका ८ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ४६ प्रतिशत

रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका १२ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ८८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१५ स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा छात्राहरूको स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ । छात्राहरूको स्वर प्रसारणका आधारमा सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१४**

**स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | २ | ४ |
| २ | ४०–५९ | १० | २० |
| ३ | ६०–७४ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | १६ | ३२ |

प्रस्तुत तालिकाअनुसार स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २ (४ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १० (२० प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रारूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका ४ प्रतिशत, मध्यम स्तरको क्षमता भएका २० प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४४ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ३२

प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका छात्रहरू २४ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका क्रमश ७६ प्रतिशत रहेकाले स्वर प्रसारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.१६ स्वर प्रसारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा स्वर प्रसारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा स्वर प्रसारणका आधारमा गरिने तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा समेत यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१५**

**स्वर प्रसारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | २ | ४ | २ | ४ |
| २ | ४०–५९ | ४ | ८ | १० | २० |
| ३ | ६०–७४ | २१ | ४२ | २२ | ४४ |
| ४ | ७५ देखि माथि | २३ | ४६ | १६ | ३२ |

**स्तम्भचित्र सङ्ख्या–५**

**स्वर प्रसारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको देखिन्छ भने छात्राहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको देखिन्छ भने छात्राहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने छात्राहरू २२ (४४ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २३ (४६ प्रतिशत) रहेको देखिन्छ भने छात्राहरू १६ (३२ प्रतिशत) रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कअनुसार स्वर प्रसारणका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका छात्र र छात्राहरू दुबै २ प्रतिशत रहेकाले दुबैको सस्वरपठन क्षमता बराबरी रहेको देखिन्छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्रहरू ८ प्रतिशत र छात्राहरू २० प्रतिशत रहेकाले छात्राहरूको मध्यम स्तरको सस्वरपठन क्षमता बढी रहेको देखिन्छ । त्यसै गरी स्वर प्रसारणका आधारमा उत्तम स्तरको क्षमता भएका छात्रहरू ४२

प्रतिशत र छात्राहरू ४४ प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ४६ प्रतिशत र छात्राहरू ३२ प्रतिशत रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ । यसरी उत्तम र अतिउत्तम स्तरको स्थितिलाई हेर्दा स्वर प्रसारणका आधारमा छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.१७ भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकमा भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१६**

**भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | १ | २ |
| २ | ४०–५९ | ३ | ६ |
| ३ | ६०–७४ | २१ | ४२ |
| ४ | ७५ देखि माथि | २५ | ५० |

प्रस्तुत तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १ (२ प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ३ (६ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २१ (४२ प्रतिशत) र ७५ देखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका २ प्रतिशत, मध्यम स्तरको क्षमता भएका ६

प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५० प्रतिशत छात्रहरू रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका कम (८ प्रतिशत) तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका बढी (९२ प्रतिशत) रहेकाले भावाभिव्यक्तिका आधारमा छात्रहरूको सस्वरपठन क्षमता उत्तम रहेको देखिन्छ ।

## ६.१८ भावाभिव्यक्तिका आधारमा छात्राहरूको सस्वरपठन क्षमता

यस उपशीर्षकअन्तर्गत छात्राहरूको भावाभिव्यक्तिका आधारमा सस्वरपठन क्षमताको व्याख्या तथा विश्लेषण गरिएको छ । छात्राहरूको भावाभिव्यक्तिका आधारमा सस्वरपठन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१७**

**भावाभिव्यक्तिका आधारमा छात्राहरूको सस्वरपठन क्षमताको तथ्याङ्क**

| क.सं. | प्राप्ताङ्क स्तर | छात्र सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–३९ | ० | ० |
| २ | ४०–५९ | ४ | ८ |
| ३ | ६०–७४ | २१ | ४२ |
| ४ | ७५ देखि माथि | २५ | ५० |

प्रस्तुत तालिकाअनुसार भावाभिव्यक्तिका आधारमा छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू ० (शून्य प्रतिशत), ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू ४ (८ प्रतिशत), ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्राहरू २१ (४२ प्रतिशत र ७५ भन्दा माथि अङ्क प्राप्त गर्नेछात्रारूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको छ ।

प्रस्तुत तथ्याङ्कका आधारमा अध्ययन गर्दा भावाभिव्यक्तिका आधारमा छात्राहरूको सस्वरपठनमा निम्नस्तरको क्षमता भएका शून्य प्रतिशत, मध्यम स्तरको क्षमता भएका ८ प्रतिशत, उत्तम स्तरको क्षमता भएका ४२ प्रतिशत र अतिउत्तम स्तरको क्षमता भएका ५०

प्रतिशत छात्राहरू रहेको देखिन्छ । प्रस्तुत तालिकाअनुसार छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका ८ प्रतिशत तथा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका ९२ प्रतिशत रहेको हुँदा भावाभिव्यक्तिका आधारमा छात्राहरूको सस्वरपठन क्षमता उत्तम रहेको पाइन्छ ।

## ६.१९ भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकअन्तर्गत भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा भावाभिव्यक्तिका आधारमा गरिएको तुलनात्मक विश्लेषणलाई प्रस्ट बनाउन तालिका र स्तम्भचित्रमा यसप्रकार प्रस्तुत गरिएको छ :


**तालिका सङ्ख्या–१८**

**भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**

| क्र.सं. | प्राप्ताङ्क स्तर | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | १–३९ | १ | २ | ० | ० |
| २ | ४०–५९ | ३ | ६ | ४ | ८ |
| ३ | ६०–७४ | २१ | ४२ | २१ | ४२ |
| ४ | ७५ देखि माथि | २५ | ५० | २५ | ५० |

**स्तम्भचित्र सङ्ख्या–६**

**भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमताको तुलनात्मक तथ्याङ्क**




प्रस्तुत तथ्याङ्कअनुसार भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ० (शून्य प्रतिशत) रहेको देखिन्छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ३ (६ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या ४(८ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७४ सम्म अङ्क प्राप्त गर्ने छात्ररूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको छ । त्यसै गरी ७५ देखि माथि प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको छ भने छात्राहरू २५ (२५ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कअनुसार स्पष्ट उच्चारणका आधारमा सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्नस्तरको क्षमता भएका छात्रहरू २ प्रतिशत र छात्राहरू ० प्रतिशत रहेकाले छात्रहरूको भन्दा छात्राहरूको सस्वरपठन क्षमता राम्रो रहेको छ । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्रहरू ६ प्रतिशत र छात्राहरू ८ प्रतिशत रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता कम रहेको देखिन्छ । त्यसै गरी उत्तम स्तरको क्षमता भएका

छात्रहरू ४२ प्रतिशत र छात्राहरू ४४ प्रतिशत रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै अतिउत्तम स्तरको क्षमता भएका छात्र र छात्राहरू दुबैको सस्वरपठन क्षमता (५० प्रतिशत) बराबरी रहेको देखिन्छ । यसरी भावाभिव्यक्तिका आधारमा उत्तम र अतिउत्तम स्तरको समग्र स्थितिलाई हेर्दा छात्र र छात्राहरू दुबैको सस्वरपठन क्षमता (९२ प्रतिशत) बराबरी रहेको देखिन्छ ।

## ६.२० मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा छात्रहरूको सस्वरपठन क्षमताको तुलना

यस उपशीर्षकमा मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा छात्रहरूको सस्वरपठन क्षमताको तुलना गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा छात्रहरूको सस्वरपठन क्षमतालाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या–१९**

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा छात्रहरूको सस्वरपठन क्षमताको तुलनाको तथ्याङ्क**

| छात्र | | छात्रा | |
|---|---|---|---|
| मध्यमान | मानक विचलन | मध्यमान | मानक विचलन |
| ७९.४७ | ५.० | ७४.७३ | ५.०९५ |

प्रस्तुत तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा छात्रहरूको सस्वरपठन क्षमताको मध्यमान ७९.४७ र छात्राहरूको सस्वरपठन क्षमताको मध्यमान ७४.७३ रहेको छ भने छात्रहरूको सस्वरपठन क्षमताको मानक विचलन ५.० र छात्राहरूको सस्वरपठन क्षमताको मानक विचलन ५.०९५ रहेको छ । यसरी मध्यमान र मानक विचलनलाई आधार मान्दा छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२१ निष्कर्ष

यस अध्यायमा कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र र छात्रहरूको विभिन्न आधारमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । गति र यतिका आधारमा हेर्दा उत्तम र अतिउत्तमको स्तरका छात्रहरू ८६ प्रतिशत र छात्राहरू ८२ रहेको पाइन्छ । त्यसै गरी लेख्यचिह्न प्रयोगका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ८२ प्रतिशत र छात्राहरू ८६ प्रतिशत रहेको देखिन्छ । हाउभाउ प्रदर्शनका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ७२ प्रतिशत र छात्राहरू ६४ प्रतिशत रहेको पाइन्छ । त्यस्तै स्वर प्रसारणका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ८८ प्रतिशत र छात्राहरू ७६ प्रतिशत रहेको देखिन्छ । स्पष्ट उच्चारण र भावाभिव्यक्तिका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका छात्रहरू ७६ प्रतिशत र छात्राहरू ७८ प्रतिशत रहेको पाइन्छ । भावाभिव्यक्तिका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमतामा भएका छात्रहरू ९२ प्रतिशत छात्राहरू ९२ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको मध्यमान ७९.४७ रहेको छ भने छात्राहरूको ७४.७३ रहेको छ । त्यस्तै छात्रहरूको मानक विचलन ५.० रहेको छ भने छात्राहरूको ५.०९५ रहेको देखिन्छ । यसरी समग्र तथ्याङ्कका आधारमा छात्र र छात्राहरूको सस्वरपठन क्षमतालाई हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यलाई सात ओटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्याय एकको शीर्षक **शोध परिचय** रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, शोधको सान्दर्भिकता र उपयोगिता, शोधकार्यको सीमाङ्कन र शोधको रूपरेखा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । अध्ययनको पृष्ठभूमिअन्तर्गत शोध शीर्षकलाई चिनाउने क्रममा भाषा शिक्षणअन्तर्गत विद्यार्थीहरूको सस्वरपठन शिक्षणको बारेमा चिनारी दिइएको छ । भाषाका चार ओटा सीपहरूमध्ये पढाइ सीप विकासको एक महत्त्वपूर्ण सीप सस्वरपठन हो । कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययनलाई मुख्य समस्या बनाई यस शोधलाई अगाडि बढाइएको छ । यसै समस्यासँग सम्बन्धित उक्त कक्षा नौका विद्यार्थीहरूको सस्वरपठन क्षमता पत्ता लगाउने र ती समस्याहरूको समाधान गर्ने उद्देश्य राखिएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ । साथै यस शीर्षकमा यसभन्दा अगाडि कपिलवस्तु जिल्लाका उक्त कक्षाका विद्यार्थीहरूको सस्वरपठन क्षमतासम्बन्धी शोधकार्य नभएकोले यो शोधकार्य सान्दर्भिक भएको कुरा उल्लेख गरिएको छ । यस क्रममा अध्ययन क्षेत्रका रूपमा कपिलवस्तु जिल्लालाई लिइएको छ । कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानिएको छ । यसमा पाँचओटा सामुदायिक विद्यालयका ५० जना र पाँच ओटा संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ । शोधपत्रको रूपरेखाअन्तर्गत अध्याय एकमा शोधको परिचय, अध्याय दुईमा पूर्वकार्यको पुरावलोकन र अवधारणात्मक ढाँचा, अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन, अध्याय पाँचमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता,

अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता, अन्तिम अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगितालाई अध्ययनको रूपरेखा मानिएको छ ।

यस शोधको अध्याय दुईको शीर्षक **पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा** रहेको छ । यसमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत पृष्ठभूमि, पुस्तक पुनरावलोकन र शोध पुनरावलोकनलाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । अवधारणात्मक ढाँचाअन्तर्गत सस्वरपठनको परिचय, सस्वरपठनका प्रमुख आधारहरू, सस्वरपठनलाई प्रभाव पार्ने तत्त्वहरू, र महत्त्व विश्लेषण गरिएको छ । पूर्वकार्यको पुनरावलोकनले सस्वरपठन क्षमताको अध्ययन तयार गर्दा आवश्यक पर्ने सैद्धान्तिक आधार तयार गर्न, समस्याको विशिष्टीकरण गर्न, विधि छनोट गर्न, शोधको सान्दर्भिकता र उपादेयता पुष्टि गर्न, शोधको रूपरेखा तयार गर्न तथा समस्या समाधानका उपायहरू दिने जस्ता कार्यका लागि सहयोग पुऱ्याएको छ ।

यस शोधकार्यको अध्याय तीनको **अध्ययन विधि र प्रक्रिया** रहेको छ । प्रस्तुत शोधकार्य अध्ययनका क्रममा क्षेत्रीय विधि अपनाई पूरा गरिएको छ भने कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूलाई सरल यादृच्छिक नमुना छनोट विधिअन्तर्गतको चिठ्ठा प्रणाली अपनाइ सामग्री सङ्कलन गरिएको छ । त्यस्तै सामग्री सङ्कलनका क्रममा प्राथमिक स्रोतका रूपमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ र द्वितीयक स्रोतको रूपमा पुस्तकालयीय अध्ययनबाट सस्वरपठनसम्बन्धी अवधारणा उल्लेख गरिएको पुस्तक, पत्रपत्रिका, शोध निर्देशकको निर्देशन र सल्लाह सुझाउ आदिलाई उपयोग गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय चारको शीर्षक **समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता** रहेको छ । यसमा समग्र विद्यार्थीहरूको गति र यति, लेख्यचिह्न प्रयोग, हाउभाउ प्रदर्शन, स्वर प्रसारण, स्पष्ट उच्चारण र भावाभिव्यक्ति आधारमा सस्वरपठन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसमा समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको, भावाभिव्यक्तिका आधारमा सस्वरपठन क्षमता सबैभन्दा बढी राम्रो (९२ प्रतिशत) र हाउभाउ प्रदर्शनका आधारमा सबैभन्दा कम राम्रो (७९ प्रतिशत) रहेको निष्कर्ष निकालिएको छ ।

यस शोधकार्यको अध्याय पाँचको शीर्षक **विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता** रहेको छ । गति र यति, लेख्यचिह्न प्रयोग, हाउभाउ, भावाभिव्यक्ति, स्वर प्रसारण र स्पष्ट उच्चारणका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय छको शीर्षक **लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सस्वरपठन क्षमता** रहेको छ । यसमा गति र यति, लेख्यचिह्न प्रयोग, हाउभाउ प्रदर्शन, भावाभिव्यक्ति, स्वर प्रसारण र स्पष्ट उच्चारणका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । यसरी हेर्दा गति र यति, हाउभाउ प्रदर्शन र स्वर प्रसारणका आधारमा उत्तम र अतिउत्तम स्तरको क्षमतालाई हेर्दा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ भने स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको पाइन्छ । साथै लेख्यचिह्न प्रयोग र भावाभिव्यक्ति आधारमा भने छात्र र छात्रा दुबैको सस्वरपठन क्षमता बराबरी रहेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय सातको शीर्षक **सारांश, निष्कर्ष र उपयोगिता** रहेको छ । यस अध्यायमा शोधकार्यको अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिरएको छ । त्यसै गरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

यस अध्यायमा कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको गति र यति, हाउभाउ प्रर्दशन, लेख्यचिह्न प्रयोग, स्वर प्रसारण, स्पष्ट उच्चारण र भावाभिव्यक्ति आधारमा गरिएको व्याख्या तथा विश्लेषणबाट प्राप्त भएका निष्कर्षहरूलाई बुँदामा यसप्रकार प्रस्तुत गरिएको छ :

- समग्र स्थितिलाई हेर्दा गति र यतिका आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

- लेख्यचिह्न प्रयोगका आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको मानिन्छ ।
- त्यसै गरी हाउभाउ प्रदर्शनका आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।
- स्पष्ट उच्चारणका आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।
- स्वर प्रसारणका आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ ।
- भावाभिव्यक्ति आधारमा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरूभन्दा उत्तम र अतिउत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू बढी रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।
- त्यसै गरी १०० पूर्णाङ्कको उक्त प्रश्नपत्रको मध्यमान र मानक विचलन क्रमशः ७५.८७ र ५.०६२ रहेकाले समग्र विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।
- पाँचौं अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गरिएको छ । यस क्रममा गति र यति, लेख्यचिह्न प्रयोग, हाउभाउ प्रदर्शन, स्वर प्रसारण, स्पष्ट उच्चारण, भावाभिव्यक्ति आधारमा समग्र स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ । यस अध्ययनलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको गति र यति, हाउभाउ र स्वर प्रसारणका आधारमा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको पाइन्छ भने स्पष्ट उच्चारणका आधारमा छात्राहरूको सस्वरपठन क्षमता केही राम्रो रहेको छ । साथै चिह्न प्रयोग र भावाभिव्यक्तिका आधारमा छात्र र छात्राहरू दुबै उस्तै रहेको देखिन्छ ।
- त्यसै गरी मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको मध्यमान ७९.४७ रहेको छ भने छात्राहरूको ७४.७३ रहेको छ । त्यस्तै छात्रहरूको मानक विचलन ५.० रहेको छ भने छात्राहरूको ५.०९५ रहेको देखिन्छ । यसरी समग्र स्थितिलाई हेर्दा छात्र र छात्राहरूको तुलनामा छात्रहरूको सस्वरपठन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

यसरी कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमतालाई अध्ययन विश्लेषण गर्दा विद्यार्थीहरूको सस्वरपठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । त्यसैले प्रस्तुत शोध अध्ययन पनि स्थानीय र राष्ट्रिय स्तरसम्म उपयोगी हुन सक्छ । कपिलवस्तु जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमतासम्बन्धी प्रस्तुत शोधकार्यको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

### ७.३.१ नीतिगत उपयोगिता

- यस अध्ययनले भाषा शिक्षणको नीति निर्माणका क्रममा जानकारी प्रदान गर्दछ ।
- यस अध्ययनले विद्यार्थीहरूको पठन क्षमता सम्बन्धमा थप अनुसन्धान गर्न आधार प्रदान गर्दछ ।
- यस अध्ययनले भाषिक सीपसँग सम्बन्धित अनुसन्धान गर्न भावाभिव्यक्ति अनुसन्धानकर्तालाई सहयोग गर्दछ ।

- यस अध्ययनले पाठ्यक्रम, पाठ्यपुस्तक लेखन र परिमार्जन, परीक्षण र मूल्याङ्कन आदिका लागि ठोस आधार प्रदान गर्दछ ।

**७.३.२ प्रयोगगत उपयोगिता**

- यस अध्ययनले नेपाली भाषा विषयका शिक्षकलाई पढाइ सीपको अभ्यास गराउन सहयोग गर्दछ ।
- यस अध्ययनले सस्वरपठन शिक्षणको क्रममा विद्यार्थीहरूलाई सस्वरपठनमा अग्रसर बनाउन सहयोग पुऱ्याउँदछ ।
- शिक्षण सामग्रीको प्रयोग र निर्माण गर्ने कुरामा मार्ग प्रशस्त गर्दछ ।
- भाषा शिक्षणका अन्य सीपहरूको विकासका लागि गरिने कार्यकलापमा समेत यो उपयोगी रहेको छ ।